# सहरका विद्यार्थीले रोजे गाउँको विद्यालय

-सन्तोष गौतम
**म्याग्दी, ९ असोज (रासस)**

कास्कीको पोखरास्थित शीतलादेवी माविमा कक्षा आठ पढ्नु भएका अन्नपूर्ण गाउँपालिका-६ घारका नबराज बरुवाल प्रभा माविमै नौ कक्षा पढ्न आउनुभयो। उहाँ हाल इलेक्ट्रिकल इञ्जिनियरीङ पढ्दै हुनुहुन्छ । बरुवाल गाउँ नजिकैको विद्यालयमा आफूले रोजेको विषय पढ्न पाएकोमा खुसी हुनुहुन्छ।

"आफैँ स्वरोजगार बन्ने सीपसहितको व्यवहारिक शिक्षा पढ्न यहाँ आएको हुँ", बरुवाल भन्नुहुन्छ, "गाउँमा भएर के भो र ? सहरको विद्यालयकै जस्तो सेवा सुविधा छ।" बरुवालले जस्तै चितवनको भानु माविबाट कक्षा ६ उत्तीर्ण गर्नुभएका महर पुन कक्षा सात पढ्न म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङस्थित प्रभा माविमा भर्ना हुनुभएको छ । उहाँ पनि सहरको विद्यालय छाडेर गाउँमा पढ्न आउनुभएको हो।

बरुवाल र पुन जस्तै सहर बजारका विद्यालय छाडेर ग्रामीण क्षेत्रको प्रभा माविमा भर्ना हुने विद्यार्थीको सङ्ख्या बढ्दै गएको छ । विद्यालयका सहायक प्रधानाध्यापक विष्णुप्रसाद पोखरेलका अनुसार ३०० मध्ये १०० विद्यार्थी अन्यत्रबाटै आएका छन् । "विद्यार्थी र बालमैत्री शिक्षण विधि, प्रविधिको प्रयोग, अङ्ग्रेजी माध्यम, प्रयोगात्मक शैलीमा र प्राविधिक विषयको पठनपाठन गराउन थालेपछि विद्यार्थीको चाप बढेको छ", उहाँले भन्नुभयो, "तीन वर्षअघि १३५ विद्यार्थी थिए, हाल विद्यार्थी सङ्ख्या बढ्दै गएको छ।"

बेनी, पोखरा, चितवन, काठमाडौँ, बागलुङ, कुश्मालगायत सहरी क्षेत्रका निजी र सामुदायिक विद्यालयका विद्यार्थी प्रभा माविमा पढ्न आउने गरेका छन् । प्रभा माविमा साधारणतर्फ बाल कक्षादेखि १२ र प्राविधिकतर्फ कक्षा नौदेखि १२ सम्म इलेक्ट्रिकल इञ्जिनियरीङ विषयको पढाइ हुन्छ । यहाँ कक्षा ६ सम्म अङ्ग्रेजी माध्यमबाट अध्यापन गराइन्छ । विज्ञान र कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएको उक्त विद्यालयको आधारभूत तहको कक्षामा शैक्षिक सामग्री प्रदर्शनी र नाचगान गरी पढाउने सिर्जनात्मक शैली अपनाइएको प्रधानाध्यापक भगवानबहादुर कार्कीले बताउनुभयो । "परीक्षा प्रणालीलाई परिवर्तन, अतिरिक्त क्रियाकलापमा जोड र अभिभावकसँग नियमित अन्तर्क्रिया गर्न थालेपछि सिकाइ उपलब्धिमा सुधार आएको छ", उहाँले भन्नुभयो, "पछिल्लो शैक्षिक सत्रको औसत सिकाइ उपलब्धि ६२ प्रतिशत छ।"

दश जलविद्युत् आयोजना सञ्चालन भएको नारच्याङमा गाउँमै रोजगारीको अवसर भएकाले स्वरोजगारमूलक इलेक्ट्रिकल विषयको अध्ययनमा विद्यार्थीको आकर्षण बढेको छ। अट्ठाइसमध्ये अधिकांश शिक्षक कर्मचारी ३० वर्षभन्दा कम उमेर र स्नातकोत्तर उत्तीर्ण छन् । विद्यार्थीको चापसँगै विद्यालयमा नयाँ कक्षाकोठा, छात्रावास र चमेनागृह भवन निर्माण गरिएको छ।

गाउँपालिका, प्रदेश र सङ्घीय सरकारका निकाय, नारच्याङमा निर्माणाधीन जलविद्युत् आयोजना, पूर्वविद्यार्थी र समुदायले विद्यालयको पूर्वाधार निर्माणमा सघाएका व्यवस्थापन समितिका अध्यक्ष तेज गुरुङले बताउनुभयो । राष्ट्रिय पुनःनिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइको रु लाख अनुदानमा चार/चार कोठे दुई तथा रु ३२ लाखमा दुई कोठे भवन निर्माण गरिएको छ। यसअघि चार कोठा थप गर्न रु ३५ लाख र चमेनागृह बनाउन रु १५ लाख सहयोग गरेको नीलगिरिखोला जलविद्युत् आयोजनाको रु एक करोड सहयोगमा शिक्षक र विद्यार्थीका लागि छात्रावास हाल निर्माणाधीन छ । हालै निर्माण भएको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला जलविद्युत् आयोजनाले प्रभा माविका तीन निजी स्रोतका शिक्षकका लागि सात वर्षको तलबभत्ता उपलब्ध गराएको छ। व्यवस्थित खेलमैदान र घेराबार भएको उक्त विद्यालयमा पठनपाठनका लागि इन्टरनेटको प्रयोग गरिँदै आएको छ।

शैक्षिक, भौतिक र शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने हो सामुदायिक विद्यालयले पनि विद्यार्थी र अभिभावकको मन जित्न सक्ने सन्देश प्रभा माविले दिएको अन्नपूर्ण गाउँपालिकाको शिक्षा शाखाका अधिकृत गणेशबहादुर कटुवाल बताउनुहुन्छ । "जिल्लाका अन्य विद्यालयले पनि प्रभा माविको सिको गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "अब परम्परागत ढङ्गले मात्रै पठनपाठन गरेर उपलब्धि हासिल हुन सक्दैन, समय र प्रविधिसँगै दौडिनु पर्छ, अनी सफलता र उद्देश्य पूरा हुन्छ।"

# बागलुङमा नेकपा (एकीकृत समाजवादी) को जिल्ला कमिटी गठन

पोखरापत्र संवाददाता
**बागलुङ, ९ असोज**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) बागलुङको अध्यक्षमा लालबहादुर थापा सर्वसम्मत चयन हुनुभएको छ । बागलुङ बजारमा शनिबार सम्पन्न भेलाले उहाँको अध्यक्षतामा ७५ सदस्यीय जिल्ला कमिटी चयन गरेको हो।

कमिटीको उपाध्यक्ष केशर छन्त्याल चयन हुनुभएको छ । महिला उपाध्यक्षको पद खाली छ । सचिवमा भरत पुरी र उपसचिवमा चक्रबहादुर थापा चयन हुनुभएको निर्वाचन समितिका संयोजक श्रीप्रसाद शर्माले जानकारी दिनुभयो । जिल्ला भेला आयोजक कमिटीको संयोजक बन्नुभएका थापालाई भेलाले अध्यक्षमा निर्वाचित गरेको हो । भेलामा निर्वाचन समितिले प्रस्तुत गरेका सबै नामावली सर्वसम्मतरूपमा पारित भएका थिए।

त्यस्तै भेलाले पार्टीका जनवर्गीय सङ्गठनमा नेतृत्व घोषणा गरेको छ । युवा सङ्घ बागलुङमा प्रदीप जिसी, पेशागत महासङ्घमा रीता राना र अखिल नेपाल महिला सङ्घ क्षेत्र नं १ मा सीता छन्त्याल थापाको नेतृत्वमा कमिटी घोषणा भएको हो।

# मूर्तिकला सङ्ग्रहालयलाई गति दिन गुरुयोजना

– रामबहादुर थापा
**बागलुङ, ९ असोज**

दश देशका १५ प्रसिद्ध मूर्तिकारका कलाकृति रहेको खुला आधुनिक मूर्तिकला सङ्ग्रहालय निर्माणको कामलाई गुरुयोजनामार्फत अगाडि बढाइने भएको छ। गलकोट नगरपालिका-५ टेउवामा निर्माणाधीन उक्त सङ्ग्रहालयलाई पर्यटकीय र सांस्कृतिक सम्पदास्थल बनाउन योजनाबद्ध विकासको थालनी गर्न लागिएको हो।

गलकोट कला प्रतिष्ठानका अध्यक्ष पूर्णबहादुर रानाले गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । ललितपुरको 'हाबिल इञ्जिनीयरिङ कन्सल्टेन्सी'ले गुरुयोजना निर्माणको जिम्मा लिएको उहाँ बताउनुहुन्छ । गत मङ्गलबार कन्सल्टेन्सीले गुरुयोजनाको प्रारम्भिक प्रतिवेदनसहित प्रस्तावना र अवधारणा समेटिएको भिडियो सामग्री सार्वजनिक गरेको थियो।

गलकोट नगरपालिकाको आयोजना र कन्सल्टेन्सीको प्राविधिक व्यवस्थापनमा भएको उक्त अन्तर्क्रियामा गुरुयोजना निर्माणबारे रचनात्मक सुझाव प्राप्त भएको अध्यक्ष रानाले बताउनुभयो । "प्रारम्भिक प्रतिवेदनमाथि छलफल र परामर्श भयो, सुझाव आएका छन्, अपुग रहेका विषयलाई परिमार्जन गरी गुरुयोजनालाई पूर्णता दिन्छौँ", उहाँले भन्नुभयो, "अबको एक महिनाभित्र गुरुयोजना बनिसक्ने छ, त्यसपछि सङ्ग्रहालयको पूर्वाधार निर्माणलाई गति दिइने छ ।" गुरुयोजना अनुसारको संरचना बनाउन रु ३६ करोड ६५ लाख खर्च हुने प्रतिष्ठानले जनाएको छ। पूर्वाधार निर्माणको कामलाई दुई चरणमा बाँडिएको अध्यक्ष रानाले बताउनुभयो । सुरुआतका दुई वर्षमा रु सात करोडको लागतमा सडक स्तरोन्नति, बगैँचा, टिकट कक्ष, प्रवेशद्वार निर्माणलगायतको काम गरिनेछ। यसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गलकोट नगरपालिकाको पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गतको बजेट खर्च हुने प्रतिष्ठानले जनाएको छ । मन्त्रालयको रु चार करोड ५५ लाख तथा नगरपालिकाको रु दुई करोड ४५ लाखको लागतमा पूर्वाधार निर्माणको काम हुनेछ । सङ्ग्रहालय निर्माण र पर्यटकीय लेक घुम्टेसम्म सडक पहुँच विस्तार गर्न सो रकम खर्च गरिने छ।

सङ्ग्रहालयमा पर्यटकीय पूर्वाधार निर्माणसँगै घुम्टे जोड्ने सडकको स्तरोन्नति पनि सोही बजेटबाट गरिने नगरप्रमुख भरत शर्मा गैरेले बताउनुभयो । दोस्रो चरणअन्तर्गत मूर्तिकला अध्ययन-अनुसन्धान, जडीबुटीरोपण तथा अनुसन्धान केन्द्र, नाट्यशाला, रेष्टुराँ, पोखरी, ढुङ्गेधारा, बहुउद्देश्यीय तथा प्रशासनिक भवन, पदमार्ग, शितलपाटी, वनभोजस्थललगायत संरचना बन्नेछन् । विसं २०७६ फागुनमा भएको अन्तर्राष्ट्रिय आधुनिक मूर्तिकला कार्यशालामा कुँदिएका ढुङ्गाका मूर्तिलाई गत वर्ष नै सङ्ग्रहालयमा प्रतिस्थापन गरिएको थियो । उक्त कार्यशालामा नेपालसहित १० देशका १५ प्रसिद्ध कलाकारले मूर्ति कुँदेका थिए । कलाकारले ढुङ्गामा प्रकृति, जीवनचक्र, संस्कृति, सभ्यताबारे कला भरेका छन् । मूर्तिको शीर्षक दिने, विवरण राख्ने र साजसज्जाको काम समेत गरिने प्रतिष्ठानका अध्यक्ष रानाले बताउनुभयो । कार्यशालामा सहभागी मूर्तिकारको कला र व्यक्तित्व समेटेर पुस्तिका निकाल्ने, दाताको शिलालेख राख्नेलगायत योजना प्रतिष्ठानको छ । पन्ध्र दिनसम्म कार्यशाला सञ्चालन गर्दा रु दुई करोड ३० लाखभन्दा बढी खर्च भएको थियो । कार्यशालास्थलका लागि स्थानीयवासीले झण्डै रु ३० लाखको २५ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका थिए । नगरप्रमुख गैरेले मूर्तिकला सङ्ग्रहालयसँगै पर्यटकीय लेक घुम्टेको एकीकृत विकासका लागि गुरुयोजनाले सघाउने उल्लेख गर्नुभयो।

सङ्ग्रहालय निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहको बजेटसहित जनसहभागिता पनि जुटाइएको छ । सङ्ग्रहालयलाई पर्यटकीय लेक घुम्टेसँग जोड्ने सडक निर्माणले गति लिँदै गएको छ। टेउवादेखि तल्लो र उपल्लो घुम्टेबीचको देउरालीसम्म सडक पुर्‍याउन तीन वर्षअघि काम थालिएको हो । साझेदारी कार्यक्रममार्फत छुट्टिएको सो बजेटले सडक विस्तार र स्तरोन्नतिको काम गरिने नगरपालिकाले जनाएको छ । निर्माणाधीन सङ्ग्रहालयमा नेपाली कलाकार प्रवीण श्रेष्ठ, ओम खत्री, राजन काफ्ले, बुद्ध चौधरी र राजु पिठाकोटेले कुँदेको मूर्ति छ।

यस्तै जापानका मूर्तिकार जुनीचिरो सुगीमोतो, चीनका ल्यूयाङ्ग, इटालीका बेतीनो फ्रान्सेनी, फ्रान्सका जिवियर गोञ्जालेज, ताइवानका लिन लि जेन, क्यानाडाकी जुली ग्लास्पी, भारतका टुटु पटनायक, इजरायलकी तान्या प्रिमेन्जर, ब्राजिलका जर्ज लुइज सोडर र युक्रेनका मूर्तिकार ल्यूडमाइला माइस्कोको कलाकृति राखिएको छ । सङ्ग्रहालयलाई ललितकलाको अनुसन्धान केन्द्र बनाउने दीर्घकालीन योजना रहेको अध्यक्ष राना बताउनुहुन्छ।

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. स. १९९४/०२/०५ गते**

**स्वः ओम प्रसाद भण्डारी**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०५/२९ गते**

हाम्रा प्रात स्मरणीय पूजनीय पति/ पिता **ओम प्रसाद भण्डारी** को ८४ वर्षको उमेरमा असामयीक एवं अकल्पनीय स्वर्गारोहणले हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँ ब्रह्मलीन हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**श्रीमती : हिमादेवी भण्डारी**

**छोरा/बुहारीः**
रवी/ मिना भण्डारी
भुवन/ दिल कुमारी भण्डारी
जीवन/ शकुन्तला भण्डारी

**छोरी/ज्वाइँः**
शशी/ हेम प्रसाद अधिकारी
शोभा/ विष्णु प्रसाद बराल

**नाती/ नातिनी ज्वाइँः**
ईस्मिता/ सुनिल
नम्रता/ सूर्य
हेमन्त/ सुस्मिना
सरोज/प्रतिक्षा
अरुणा/ चिरञ्जिवी
सुस्मिता, बसन्त, अनुपा

**नाती/ नातिनीः**
सिन्धु, दिव्या, ईश्वर
दिक्षा, दिपु, प्रविण
शुभाशिष, शुविज्ञा

**पनाती/ पनातिनीः**
विशेषता
सन्ध्या
आशुतोष

**एवम् समस्त भण्डारी परिवार**

**पुनश्चः मिति २०७८ असोज १० गते आइतबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । स्थानः पोखरा-१४, चाउथे, वेल चौतारा**